संघीय संसद

राष्ट्रिय सभा

सत्रौं अधिवेशन

बैठक-१०

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:२० बजे*
*बैठक स्थगित : ५:१० बजे*

२०८१ फागुन २२ गते, बुधवार

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको दसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२० बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य कृष्ण बहादुर रोकाय**ले रुकुम पश्चिममा रहेको सल्ले र चौरजाहारी विमानस्थल सञ्चालनमा नरहेको बताउँदै, शिघ्र सञ्चालन गर्न सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो। **माननीय सदस्य घनश्याम रिजाल**ले लामो साघुँजिरी सडकमा पर्ने सुनकोसी र तामाकोसी नदिमा नयाँ पुल निर्माण गर्न ठेक्का सम्झौता भएको तर निर्माणमा ढिलाई भएको बताउँदै समयमा काम नगर्ने ठेकदारलाई कारबाही गर्न सरकारसँग माग गर्नुभयो।

**माननीय सदस्य पदम बहादुर परियार**ले अमेरिकी अन्तर्राष्ट्रिय विकास सहायता सम्बन्धी निकाय बन्द परेको प्रभाव सम्बन्धमा अध्ययन गरी सदनमा जानकारी गराउन सरकारसँग माग गर्नुभयो।

**माननीय सदस्य पुजा चौधरी**ले छोरी भएकै कारण बिभिन्न पीडा भोग्नु पर्ने बताउँदै सिराहा निवासी रिङ्कु सदाको हत्यारा समात्न र क्षतिपुर्ती उपलब्ध गराउन सरकारलाई अनुरोध गर्नुभयो।

**माननीय सदस्य रुकमिणी कोइराला**ले संविधानको धारा ३८ मा महिलाको हकको ब्यवस्था गरिए पनि महिला र बालबालिकामा हुने हिंसा जस्ताको तस्तै रहेको बताउँदै, जनसङ्ख्या र विकास बिच तादम्यता मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य रेनु चन्द**ले सरकारले कुलमान घिसिङलाई कार्यसम्पादनमा शून्य अङ्क दिइएको विषयमा सदनलाई जानकारी गराउन सरकारसँग माग गर्नुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटा**ले पवित्र गण्डक क्षेत्रमा हजारौं साधुसन्तको आस्था रहेको छ, यस गण्डक क्षेत्रमा डाइभर्सन हुँदै छ भन्ने हल्लाले सबै सनातनीहरू त्रसित भएको बताउँदै सरकारलाई बेलैमा सचेत हुन ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु देवी पुडासैनी**ले सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाको समस्या समाधान गर्न छिटो शिक्षा विधेयक पास गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा**ले कालिकोट जिल्ला जोड्ने पान्तडी पुल निर्माणको लागी

२०७७/७८ मा ठेक्का सम्झौता भएता पनि पुल निर्माण कम्पनीलाई कालो सुचीमा राख्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी**ले कुलमान घिसिङलाई पटकपटक स्पष्टिकरण सोध्नुको कारण बारे जानकारी दिन सरकारसँग माग गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**सँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम सुरु हुने जानकारी गराउँदै माननीय मन्त्रीले उत्तर दिनु भएपछि प्रश्नकर्ता माननीय सदस्यले चाहेमा आफ्नो प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही **१ मिनेटभित्र** पुरक प्रश्न सोधन सक्नुहुने व्यहोरा समेत जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेललाई** माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रश्नकर्ता **माननीय सदस्य मदन कुमारी शाह (गरिमा)लाई** आफ्नो प्रश्न सोधन समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले प्रश्न सोध्नु भयो र माननीय मन्त्रीले उक्त प्रश्नको जवाफदिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रश्नकर्ता माननीय सदस्यले पुरक प्रश्न सोधन चाहनु भएकोले विषयमा केन्द्रित भई पुरक प्रश्न सोधन समय उपलब्ध गराउनुहुँदा **माननीय सदस्य मदन कुमारी शाह (गरिमा)ले** पुरक प्रश्न सोध्नुभयो र माननीय मन्त्रीले जवफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङ्गलाई **"अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन"** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रतिवेदन पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले आजको बैठकमा "**सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१**", "**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१**", "**निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१**", "**आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१**" र "**सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१**" लाई निर्णयार्थ प्रस्तुत गर्ने कार्यसूची रहेको जानकारी दिनु भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ बमोजिम ४ जना माननीय सदस्यहरूबाट **"सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्"** भन्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी

गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्**" भन्ने प्रस्तावमाथि छलफल गर्दा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ को उपनियम (३) बमोजिमको सूचना एक भन्दा बढी प्राप्त भएकोले आपसी सहमती वा दर्ताक्रम अनुसार अध्यादेश अस्वीकृतको सूचना दिनुहुने **एक** जना प्रस्तावक सदस्यले प्रस्ताव प्रस्तुत गर्नुपर्नाको कारण सहितको वक्तव्य दिनुहुने र अन्य प्रस्तावक माननीय सदस्यहरूले छलफलमा भाग लिन सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्**" भन्ने प्रस्तावका प्रस्तावक माननीय **सदस्य गोपीबहादुर सार्की आछामी** लाई आफ्नो प्रस्ताव प्रस्तुत गर्नु पर्नाको कारण सहितको वक्तव्य दिन र अध्यादेशलाई अस्वीकार गरियोस् भनी प्रस्ताव राख्नुहुने अन्य माननीय सदस्यहरू जगतबहादुर पार्की, राधेश्याम पासवान र उदय बहादुर बोहरालाई क्रमशः छलफलमा भाग लिन समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यहरुले भग लिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुव्वा गरुङलाई "**सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्**" भन्ने प्रस्तावमाथिको छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननी अध्यक्षले "**सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१** लाई अस्विकार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनु भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्**" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **<u>बहुमतले</u> अ**स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननी अध्यक्षले "**सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई स्वीकृत गरियोस्**" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **<u>बहुमतले</u>** स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ बमोजिम ४ जना माननीय सदस्यहरूबाट "**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१** लाई अस्विकार गरियोस्" भन्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन)**

**अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्**" भन्ने प्रस्तावमाथि छलफल गर्दा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ को उपनियम (३) बमोजिमको सूचना एक भन्दा बढी प्राप्त भएकोले आपसी सहमती वा दर्ताक्रम अनुसार अध्यादेश अस्वीकृतको सूचना दिनुहुने एक जना प्रस्तावक सदस्यले प्रस्ताव प्रस्तुत गर्नुपर्नाको कारण सहितको वक्तव्य दिनुहुने र अन्य प्रस्तावक माननीय सदस्यहरूले छलफलमा भाग लिन सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्**" भन्ने प्रस्तावका प्रस्तावक माननीय सदस्य **डा. बेदुराम भुसाल** लाई आफ्नो प्रस्ताव प्रस्तुत गर्नु पर्नाको कारण सहितको वक्तव्य दिन र उक्त अध्यादेशलाई अस्वीकार गरियोस् भनी प्रस्ताव राख्नुहुने अन्य माननीय सदस्यहरू माया प्रसाद शर्मा, नरबहादुर विष्ट र सुरेशकुमार आलेमगर लाई क्रमशः छलफलमा भाग लिन समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यहरुले भाग लिनु भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णु प्रसाद पौडेल**लाई "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१** लाई अस्विकार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्**" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा, **बहुमतले** अस्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई स्वीकृत गरियोस्**" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा। **बहुमतले** स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ बमोजिम २ जना माननीय सदस्यहरूबाट "**निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्**" भन्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्**" भन्ने प्रस्तावमाथि छलफल गर्दा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ को उपनियम (३) बमोजिमको सूचना एक भन्दा बढी प्राप्त भएकोले आपसी सहमती वा दर्ताक्रम अनुसार अध्यादेश अस्वीकृतको सूचना दिनुहुने एक जना प्रस्तावक सदस्यले प्रस्ताव प्रस्तुत गर्नुपर्नाको कारण सहितको

वक्तव्य दिनुहुने र अन्य प्रस्तावक माननीय सदस्यहरूले छलफलमा भाग लिन सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्**" भन्ने प्रस्तावका प्रस्तावक **माननीय सदस्य मदन कुमारी शाह (गरिमा)** लाई आफ्नो प्रस्ताव प्रस्तुत गर्नु पर्नाको कारण सहितको वक्तव्य दिन र उक्त अध्यादेशलाई अस्वीकार गरियोस् भनी प्रस्ताव राख्नुहुने माननीय सदस्य **झक्कुप्रसाद सुवेदी**लाई छलफलमा भाग लिन समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यहरुले भाग लिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णु प्रसाद पौडेल**लाई "**निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्**" भन्ने प्रस्तावमाथिको छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१** लाई अस्वीकार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनु भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **बहुमतले** अस्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई स्वीकृत गरियोस्**" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा, **बहुमतले** स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ बमोजिम ४ जना माननीय सदस्यहरूबाट "**आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्**" भन्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्**" भन्ने प्रस्तावमाथि छलफल गर्दा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ को उपनियम (३) बमोजिमको सूचना एक भन्दा बढी प्राप्त भएकोले आपसी सहमती वा दर्ताक्रम अनुसार अध्यादेश अस्वीकृतको सूचना दिनुहुने एक जना प्रस्तावक सदस्यले प्रस्ताव प्रस्तुत गर्नुपर्नाको कारण सहितको वक्तव्य दिनुहुने र अन्य प्रस्तावक माननीय सदस्यहरूले छलफलमा भाग लिन सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्**" भन्ने प्रस्तावका प्रस्तावक माननीय **सदस्य गंगा कुमारी वेलवासे**लाई आफ्नो प्रस्ताव प्रस्तुत गर्नु पर्नाको कारण सहितको

वक्तव्य दिन र उक्त अध्यादेशलाई अस्वीकार गरियोस् भनी प्रस्ताव राख्नुहुने अन्य माननीय सदस्यहरू विष्णु वहादुर विश्वकर्मा, मनरुपा शर्मा र घनश्याम रिजाललाई क्रमशः छलफलमा भाग लिन समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यहरुले भाग लिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णु प्रसाद पौडेल**लाई **"आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा, माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त भएको जानकारी दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा, **बहुमतले** अस्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई स्वीकृत गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा, **बहुमतले** स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ बमोजिम २ जना माननीय सदस्यहरूबाट **"सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्"** भन्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्विकार गरियोस्"** भन्ने प्रस्तावमाथि छलफल गर्दा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ को उपनियम (३) बमोजिमको सूचना एक भन्दा बढी प्राप्त भएकोले आपसी सहमती वा दर्ताक्रम अनुसार अध्यादेश अस्वीकृतको सूचना दिनुहुने एक जना प्रस्तावक सदस्यले प्रस्ताव प्रस्तुत गर्नुपर्नाको कारण सहितको वक्तव्य दिनुहुने र अन्य प्रस्तावक माननीय सदस्यहरूले छलफलमा भाग लिन सक्नुहुने व्यहोरा जानकारी गराउनु भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्"** भन्ने प्रस्तावका प्रस्तावक माननीय **सदस्य जग प्रसाद शर्मा**लाई आफ्नो प्रस्ताव प्रस्तुत गर्नु पर्नाको कारण सहितको वक्तव्य दिन र उक्त अध्यादेशलाई अस्वीकार गरियोस् भनी प्रस्ताव राख्नुहुने माननीय सदस्य **राजेन्द्र लक्ष्मी गैरे**लाई छलफलमा भाग लिन समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले भाग लिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री**

**बलराम अधिकारी**लाई "**सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्**" भन्ने प्रस्तावमाथिको छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१** लाई अस्वीकार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्**" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **बहुमतले** अस्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई स्वीकृत गरियोस्**" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **बहुमतले** स्वीकृत भएको घोषणा गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल फागुन २३ गते शुक्रबार अपराह्न १ बजेर १५ मिनेटमा** बस्नेगरी बैठक स्थगित भएको जानकारी गराउनुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव